# ललितपुरजिल्लाको गोदावरी नगरपालिकामा कानून विपरित कर्मचारी वढुवा गरेको भन्ने विषयको छानविन प्रतिवेदन

**१.उजुरीको संक्षिप्त व्यहोराः**

ललितपुरजिल्लाको गोदावरी नगरपालिकाले कानून विपरित शैक्षिक योग्यता समेत नभएकालाई अधिकृत तहमा वढुवा गरेकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने सम्वन्धमा यस केन्द्रमा दर्ता नं.३६७, मिति २०७७/१०/१५ मा उजुरी/निवेदन प्राप्त भएको।

**२.छानविनको विधिः**

1. उजुरीमाउल्लेखित विषयका सम्वन्धमा गोदावरी नगरपालिकाको कार्यालय बज्रवाराही ललितपुरका नगरप्रमुख श्री गजेन्द्र महर्जन र प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारतीसँग प्रत्यक्ष भेटघाट गरी आवश्यक सोधपुछ तथा छलफल।
2. यस उजुरीका सम्बन्धमा गोदावरी नगरपालिकासँग सम्वन्धित कागजातहरु माग गरेको।
3. सम्बन्धितविषयको संम्बन्धमा प्राप्त भएका कागजातहरुकोअध्ययन तथा विश्लेषण ।

**३.छानविनवाट प्राप्त भएका तथ्यहरुः**

ललितपुरजिल्लाको गोदावरी नगरपालिकाले कानून विपरित शैक्षिक योग्यता समेत नभएकालाई अधिकृत तहमा वढुवा गरेकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने सम्वन्धमा केन्द्रमा प्राप्तउजुरीका सम्बन्धमा छानविनवाट प्राप्त सत्यतथ्यहरुः

उक्त उजुरीका सम्बन्धमा छानविन गर्न मिति २०७८/१/५ मा गोदावरी नगरपालिकाको कार्यालय बज्रवाराही ललितपुरका नगरप्रमुख श्री गजेन्द्र महर्जन र प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारतीसँग प्रत्यक्ष भेटघाट गरी आवश्यक सोधपुछ तथा छलफल गर्दा देहायको तथ्य /ब्यहोरा अवगत भयो ।

- नेपालको संविधानको धारा २२६मा **कानून वनाउन सक्ने** व्यवस्था अनुसार उप धारा (१) मा गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा

कानून वनाउन सक्नेछ ।र धारा (२) मा उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानूनबमोजिम हुनेछ ।भन्ने व्यवस्था रहेको ।

–गोदावरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट तेस्रो नगरसभाको बैठकबाट मिति २०७६/११/०२मा कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७६ स्वीकृत भएको ।

–स्वीकृत कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन,२०७६को दफा २२(१) अनुसार "संघिय सरकारले गरेको सांगठनिक संरचना बमोजिम कायमहुने गरी ५ वर्ष सेवा अवधि नपुगेको कर्मचारीको हकमा २(दुई) ग्रेड थप र ५ वर्ष सेवा अवधि पुगेको कर्मचारीको हकमा १(एक) तह स्तर उन्नती गरिनेछ । स्तर उन्नती हुने भन्दा तल्लो पदको लागि शैक्षिक योग्यता पुगेका वा सेवा अवधि ७(सात ) वर्ष पुरा भएको सवै तहका कर्मचारीहरुलाई एक तहस्तर वृद्धि गरिने छ ।" भन्ने व्यवस्था गरेको देखिन्छ ।

-स्वीकृत कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन,२०७६को दफा २२(१) अनुसार मिति२०७७/४/२७को निर्णयवाट १२(वाह्र) जना कर्मचारीहरुको स्तर बृद्धि भएको देखिन्छ ।

–स्तर बृद्धि भएका १२ जना मध्य प्रा.एस.एल.सि. शैक्षिक योग्यता भएका सुरेश कार्कीलाई पाँचौ तहको सव ईन्जिनियरवाट अधिकृत छैठौं तहमा बढुवा गरेको देखिन्छ । वाँकी ११ जनाको हकमा साविकको तहको शैक्षिक योग्यता पुगेको देखिन्छ ।

## <u>४ .छानविनबाट प्राप्त तथ्यहरुलाई विश्लेषण गरि प्राप्त भएको निश्कर्ष:</u>

माथी उल्लेखित कागजातका एवं तथ्यका आधारमा बिष्लेषण गरी हेर्दा स्वीकृत कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन,२०७६ को दफा २२(१) अनुसार मिति २०७७/४/२७ को निर्णयवाट १२(वाह्र) जना कर्मचारीहरुको स्तर वृद्धि भएकोमा ८ वर्ष सेवा अवधि पुगेका एकजना कर्मचारी सुरेश कार्कीलाई हाल वृद्धि भएको तहभन्दा एक तह तलको समेत शैक्षिक योग्यता नभएको कर्मचारीलाई स्तर वृद्धि गरेको देखिन्छ ।

## <u>५.सुझावः</u>

गोदावरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट तेस्रो नगरसभाको बैठकबाट मिति २०७६/११/०२मा कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन,२०७६ स्वीकृत भएको देखियो । उक्त

ऐन संविधानमा उल्लेख भएको प्रावधान वमोजिम वनाएको नदेखिएकोले उल्लेखित नगरसभाबाट मिति २०७६/११/०२मा वनाएको कर्मचारी व्यवस्थापन(सेवा शर्त सम्बन्धी) ऐन,२०७६मा राखिएका प्रावधानलाई आधार वनाई गरिएको स्तरबृद्धी कानून सम्मत छ भनि भन्न सकिने अवस्था नरहेकोले यस्ता विषयहरुमा कानून बमोजिम एकरुपता कायम गर्ने नीतिगत व्यवस्थाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिन उपयुक्त देखिन्छ ।

## राष्ट्रिय सतर्कता केन्द्रको मिति 2078/01/22 को निर्णयः

1= ललितपुर जिल्लाको गोदावरी नगरपालिकाले कानून विपरीत शैक्षिक योग्यता समेत नभएकालाई अधिकृत तहमा स्तर वृद्धि गरि बढुवा गरेकोले छानबिन गरी कारवाही गरी पाउँ भन्ने सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानविन प्रतिवेदन उपर छलफल गर्दा गोदावरी नगरपालिकाको २०७६ फागुन २ गते बसेको विशेष नगरसभावाट "गोदावरी नगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त समवन्धी) ऐन, २०७६" स्वीकृत भएको देखियो । नेपालको संविधानको धारा २२६ (१) मा" गाउँ सभा र नगर सभाले अनुसूची- ८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ" भन्ने उल्लेख छ भने धारा २२६(२) मा "उपदफा (१) बमोजिम कानून वनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ" भन्ने उल्लेख छ । यसरी हेर्दा गोदावरी नगरपालिकाले निर्माण गरेको "गोदावरी नगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्वन्धी) ऐन, २०७६" संविधानमा भएको प्रावधान बमोजिम वनाएको नदेखिएकाले उल्लेखित नगरसभाबाट मिति २०७६ फागुन २ मा वनाएको उल्लेखित सेवा शर्त सम्बन्धी ऐन, 2076 मा राखिएका प्रावधानलाई आधार वनाई गरिएको स्तरवृद्धि कानून सम्मत छ भन्न सकिने अवस्था देखिएन ।अतः यस्ता विषयमा ७५३ वटै स्थानीय तहहरुमा संवैधानिक प्रावधानको अधिनमा रही एकरुपता कायम गर्न नीतिगत व्यवस्था मिलाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिई फाइल तामेलीमा राखी उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।